# ALL INDIA RADIO GANGTOK

## NEPALI NEWS BULLETINS

BROADCAST 18.40HRS DATE 12.05.2024

- **Nepal Ambassador Visit**

भारतका निम्ति नेपालका राजदुत डाक्टर शंकरप्रसाद शर्मा भारत-नेपाल स्थापनाको अड्तीसौं बोर्ड सभामा सहभागिता जनाउन आज सिक्किम आइपुग्नुभएको छ। आजदेखि शुरू भएको सभाको समापन यसै महिनाको चौध तारिक हुनेछ। सिक्किम आइपुग्नासाथ उहाँलाई रम्फूस्थित सुविधा केन्द्रमा रम्फूका महकुमा अधिकारी श्री थेन्डुप लेप्चा, रम्फू नगर पञ्चायतका सभापति श्री सञ्जीव खाती, पर्यटन विभागकी उपनिदेशक श्रीमती सुष्मा प्रधान लगायत अन्यले स्वागत जनाए।

---------------------------------------X---------------------------------------

- **Nurses Day Message**

आज अन्तरराष्ट्रिय नर्स दिवस हो। यस अवसरमा राज्यपाल श्री लक्ष्मणप्रसाद आचार्य तथा मुख्यमन्त्री श्री प्रेमसिंह तामाङले स्वास्थ्य सेवाका सशक्त स्तम्भ नर्सहरूलाई यस दिनको शुभकामना दिनुभएको छ। राज्यपालले आफ्नो सन्देशमा आज अनि प्रत्येक दिन स्वास्थ्य सेवा प्रणालीमा नर्सहरूको अमूल्य वैश्विक योगदान, अग्रणी भूमिका, करुणा र अटूट प्रतिबद्धताका निम्ति सम्मान व्यक्त गर्नुभएको छ। मुख्यमन्त्रीले भन्नुभएको छ, नर्सहरूले हेरचाह योजनाहरूको कार्यान्वयन, औषधि प्रशासन र व्यक्तिगत आवश्यकताको सावधानीपूर्वक निगरानी मार्फत डाक्टरहरू र बिरामीहरूबीच निर्बाध समन्वय सुनिश्चित गर्दै बिरामीको हेरचाहमा आवश्यक मध्यस्थकर्ताको रूपमा सेवा गर्दछन्। फ्लोरेन्स नाइटिङगेलको जन्म जयन्तीको रूपमा पालन गरिने अन्तरराष्ट्रिय नर्स दिवसको अवसरमा उहाँले विश्व भरिका नर्सहरूलाई बधाई एवं शुभकामना दिनुभएको छ। मुख्यमन्त्रीले यस वर्षको नर्स दिवसको विषय हाम्रा नर्सहरू हाम्रो भविष्य, हेरचाहको आर्थिक शक्ति अर्थात Our Nurses Our Future, The economic power of care-ले स्वास्थ्य हेरचाह प्रणालीमा नर्सहरूको महत्त्वपूर्ण प्रभावमाथि जोड़ दिँदछ भनी बताउनुभएको छ। विश्व स्तरमा नर्सहरूको अटूट समर्पण र अमूल्य योगदानका निम्ति प्रशंसा व्यक्त गर्दै उहाँले बिरामीहरूको कल्याण र स्वास्थ्य हेरचाह उत्कृष्टतामा उनीहरूको अतुलनीय प्रतिबद्धताका निम्ति सम्मान व्यक्त गर्नुभएको छ।

---------------------------------------X---------------------------------------

- **Nurses Day**

STNM अस्पतालकी PCC एवं चिकित्सा अधिक्षक डाक्टर रूथ योञ्जनले नर्सहरूको महत्त्वपूर्ण भूमिकाको प्रशंसा गर्दै उनीहरूको व्यक्तिगत वैश्विक योगदानलाई स्वीकार गर्नुभयो। उहाँले जोड़ दिँदै भन्नुभयो, नर्सहरूले प्रत्येक दिन अथक रूपमा दयालु भावनाले हेरचाह प्रदान गर्दै स्वास्थ्य हेरचाह प्रणालीको मेरूदण्डको रूपमा काम गर्दछन्।

अन्तरराष्ट्रिय नर्स दिवसलाई सम्बोधन गर्दै डाक्टर योञ्जनले नर्सहरूको साहस र बिरामीहरूप्रति अटूट प्रतिबद्धताबारे प्रकाश पार्नुभयो अनि भन्नुभयो, उनीहरू नि:स्वार्थ रूपमा बिरामीको उपचार गर्ने नायकहरू हुन्। यो कार्यक्रम हिजो सिक्किम सरकारी नर्स कल्याण संगठनद्वारा STNM अस्पतालसितको सहकार्यमा सोचेकगाङस्थित STNM अस्पतालको पृक्षा गृहमा आयोजन गरिएको थियो। उहाँले फ्लोरेन्स नाइटिङगेलको अग्रगामी भावना र नर्सहरूको विश्वव्यापी प्रभावलाई स्वीकार गर्दै उनलाई श्रद्धाञ्जली अर्पण गर्नुभयो।

यस अवसरमा सिक्किम सरकारी नर्स कल्याण संगठनलाई दिएको योगदानको कदर गर्दै स्वर्गीय इन्द्रकला माथेमाका परिवारलाई सम्मान जनाइयो। त्यसैगरी ओभिया ART सर्कल सिक्किमका श्री दिवाकर लामिछाने र श्री शिव क्षेत्रीलाई STNM अस्पतालको बाल चिकित्सा वार्ड एक र दुईका देवालहरूमा स्वेच्छिक रूपमा चित्र कोरेर नानीहरूलाई बिरामीको समयमा यहाँ आकर्षिक गराउनमा गरेको प्रयासको निम्ति सम्मान जनाइयो।

---------------------------------------X---------------------------------------

- **Painting Exhibition**

सिक्किमका श्री देउप्रसाद राईको चित्रकला बेलायतको लण्डनस्थित प्रतिष्ठित होली आर्ट ग्यालरीमा प्रदर्शनिको निम्ति राखिएको छ। मुख्यमन्त्री श्री प्रेमसिंह तामाङले यस उल्लेखनीय सफलताका निम्ति श्री राईलाई बधाई दिनुभएको छ। उहाँले भन्नुभएको छ, श्री राईको वञ्चितहरूको उत्थान र सिक्किमका लागि विकास पहलको नेतृत्व गर्नमा रहेको प्रयासको चित्रण वास्तवमै सराहनीय छ। श्री तामाङले उहाँलाई आगामी सबै प्रयासहरूमा निरन्तर सफलताको कामना गर्नुभएको छ।

---------------------------------------X---------------------------------------

- **LS Election Forth Phase**

लोकसभा चुनाउ 2024-को चौथो चरणमा भोली नौंवटा राज्य र एउटा केन्द्रशासित प्रदेशका छयानब्बे आसनका लागि मतदान हुनेछ। यसमा आन्ध्र प्रदेशका पच्चीस, तेलेङगानाका सत्र, उत्तर प्रदेशका तेह्र, महाराष्ट्रका एघार, मध्य प्रदेश र पश्चिम बंगालका आठ-आठ, बिहारका पाँच, झारखण्ड र ओडिसाका चार-चार अनि जम्मू-कश्मीरको एउटा आशनमा मतदान हुनेछ। निर्वाचन आयोगले बताएअनुसार लोकसभा चुनाउको चौथो चरणमा कुल एक हजार सात सय सत्रजना उम्मेदवार चुनावी मैदानमा छन्।

यस चरणमा आन्ध्र प्रदेशका एक सय पचतर र ओडिशाका अट्ठाइसवटा विधानसभा सीटका लागि पनि मतदान हुनेछ।

एक लाख बयानब्बे हजार मतदान केन्द्रहरूमा उन्नाइस लाखभन्दा अधिक चुनाउ कर्मी तैनात गराइनेछ। मतदान बिहान सात बजी शुरू भएर साँझ छह बजी समाप्त हुनेछ। आयोगले भनेको छ, मतदाताहरूको सहभागिता बढ़ाउनका लागि तेलेङगानाका सत्रवटा संसदीय निर्वाचन क्षेत्रहरूका केही विधानसभा खण्डहरूमा मतदानको समय बढाइएको छ।

मौसम विभागले अनुमान व्यक्त गरेअनुसार यस चरणमा मतदान हुन गइरहेका संसदीय निर्वाचन क्षेत्रहरूमा तापमान सामान्य रहनेछ अनि अधिक गर्मीको स्थितिको सामना गर्नुपर्ने छैन।

---------------------------------------X---------------------------------------

- **Gyandil Das Birth Anniversary**

गुरु ज्ञानदिल दासको एक सय तनीऔं जन्म जयन्ती हिजो सोरेङ जिल्लास्थित गेलिङमा धार्मिक कार्यक्रमका साथ पालन गरियो। गेलिङस्थित ज्ञानदिल दास धाममा सम्पन्न कार्यक्रममा महसचिव श्री PM राईले धाम सम्बन्धी विषयबारे बताउनुभयो।

---------------------------------------X---------------------------------------